सिलीचोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

## खण्डः ७, संख्याः ११, भागः २

सिलीचोङ गाउँपालिका

तामकु, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल।

### सिलीचोङ गाउँपालिकाको स्वास्थ्य विमा कार्यक्रम संचालन कार्यविधि २०८०

*कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८० साल मंसिर २७ गते*

**प्रस्तावनाः**- आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क र सामाजिक सुरक्षाको हक प्रदान गर्ने संवैधानिक व्यवस्था तथा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार गरी सबैका लागि स्वास्थ्य विमाबाट स्वास्थ्य सेवा सुनिश्चित गरिने राष्ट्रिय स्वास्थ्य विमा नीति अनुरुप गाउँपालिका क्षेत्रभित्र रहेका अति विपन्न, विधवा र एकल महिलाहरुका लागि स्वास्थ्य विमा गर्ने सिलीचोङ गाउँपालिकाको नीतिलाई कार्यन्वयन गर्दै आर्थिक अवस्थाका कारण आकस्मिक बाहिरङ्ग तथा अन्तरङ्ग उपचार गराउनबाट बञ्चित भएका दलित, अल्पसङ्ख्यक, एकल विधवा र विपन्न महिलाहरुको स्वास्थ्य उपचारमा हुने संभावित खर्चको जोखिमलाई न्यूनीकरण गर्दै स्वास्थ्यका क्षेत्रमा सर्वसाधरणलाई पिछडिएका वर्ग समेतको पहुँच स्थापित गर्न वाञ्छनीय भएकोले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम "सिलीचोङ गाउँपालिकाको स्वास्थ्य विमा कार्यक्रम संचालन कार्यविधि २०८०" गाउँ कार्यापालिकाबाट स्वीकृत गरी लागु गरिएको छ।

## परिच्छेद- १

**१. संक्षिप्त नाम र प्रारम्भः**- (१) यो कार्यविधिको नाम "सिलीचोङ गाउँपालिकको स्वास्थ्य विमा कार्यक्रम संचालन कार्यविधि २०८०" रहेको छ।

(२) यो कार्यविधि गाउँपालिकाबाट स्वीकृत भई स्थानिय राजपत्रमा प्रकाशन भएपछि लागु हुने छ।

**२. परिभाषाः**-विषय वा प्रशङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

सिलीचोङ गाउँपालिका कार्यालय

क) ‘‘गाउँपालिका’’ भन्नाले सिलीचोङ गाउँपालिका सम्झनु पर्छ ।

ख) ‘‘कार्यापालिका’’ भन्नाले सिलीचोङ गाउँपालिका कार्यापालिका सम्झनु पर्छ ।

ग) ‘‘अध्यक्ष’’ भन्नाले सिलीचोङ गाउँपालिकाको पालिका अध्यक्ष सम्झनु पर्छ ।

घ) ‘‘उपाध्यक्ष’’ भन्नाले सिलीचोङ गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

ङ) ‘‘वडाध्यक्ष’’ भन्नाले सिलीचोङ गाउँपालिकाका सबै वडाध्यक्षलाई सम्झनु पर्छ ।

च) ‘‘प्रमुख प्रशासकीय अधिकृत’’ भन्नाले सिलीचोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

छ) ‘‘स्वास्थ्य विमा’’ भन्नाले स्वास्थ्य उपाचारमा हुने संभावित खर्चको जोखिममा प्राप्त हुने छुट सुविधालाई सम्झनु पर्छ ।

ज) ‘‘लाभग्राही’’ भन्नाले सिलीचोङ गाउँपालिका भित्रका दलित, एकल महिला, विधुवा, विपन्न परिवार र अतिअशक्त अपाङ्गता (ख ) समूहलाई सम्झनु पर्छ ।

झ) ‘‘पालिका स्तरीय स्वास्थ्य विमा’’ भन्नाले लाभग्राही लक्षित समूहलाई उपलब्ध हुने स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी संचालन गर्न गठन हुने पालिका स्तरीय स्वास्थ्य विमा सम्झनु पर्छ ।

ञ) ‘‘वडा स्तरीय विमा समिति’’ भन्नाले लाभग्राही लक्षित समूहलाई उपलब्ध हुने स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचानलन गर्न गठन हुने वडा स्तरीय स्वास्थ्य विमा समिति सम्झनु पर्छ ।

## परिच्छेद-२
## स्वास्थ्य विमा सम्बन्धी व्यवस्था

३. सिलीचोङ गाउँपालिकाभित्र रहेका दलित, एकल महिला, विधुवा, विपन्न परिवार र अतिअशक्त अपाङ्गता (ख) बजेट शीर्षकको पिरिधिभित्र रही स्वास्थ्य विमा सेवा उपलब्ध गराइने छ ।

४. लक्षित समहुभित्रका एक परिवारमा ५ जना सदस्य रहेका परिवारलाई रु ३५००।– का दरले स्वास्थ्य विमा गरिने छ ।

५. स्वास्थ्य विमा लाभग्राही हुनका लागि आवश्यक पर्ने योग्यता- सिलीचोङ गाउँपालिकाभित्र स्वास्थ्य विमा लाभग्राही हुनका लागि देहाय बमोजिमको योग्यता अनिवार्य हुनु पर्ने छ ।

क. नेपाली नागरिक हुनु पर्ने।

ख. सिलीचोङ गाउँपालिकाभित्र बसोबास गरेको हुनु पर्ने ।

ग. सम्पत्ती कर तथा भुमिकर बुझाएको हुनु पर्ने ।

घ. विपन्नता प्रमाणित हुनु पर्ने ।

ङ. लक्षित समूहभित्र परेको हुनु पर्ने ।

च. उमेर ७० वर्ष भन्दा कम उमेर भएको हुनु पर्ने ।

**६.स्वास्थ्य विमा लाभग्राही छनौट प्रक्रियाः-**

स्वास्थ्य विमा लाभग्राही छनौटका लागि निम्न अनुसारका प्रक्रिया पूरा गर्नु पर्ने छ-

१. स्वास्थ्य विमा सहयोग कार्यक्रमका बारेमा सम्बन्धित पक्षबाट आवेदन माग गर्न सिलीचोङ गाउँपालिका कार्यालयबाट आवेदन संकलन सुरु हुने मितिभन्दा कम्तिमा १५ दिन अगावै सार्वजनिक संचार माध्यमबाट आवेदन दिन सकिने विषयको सूचना प्रसारण गर्नु पर्दछ।

२. विमा गर्न चाहने इच्छुक व्यक्तिले सम्बन्ध वडा कार्यालय वा वडा स्तरीय जनप्रतिनिधि मार्फत विमा सम्बन्धी विस्तृत सूचना लिन सक्ने छ।

३. योग्यता पुगेका इच्छुक व्यक्तिको विमाको लागि अनुसूची -१ बमोजिमको आवेदन रितपूर्वक भरी आफ्नो स्थायी ठेगाना खुलेको वडा कार्यालयमा गई बुझाउनु पर्ने छ।

४. अनुसूची-१ बमोजिमको फारम वडा कार्यालयबाट निःशुल्क उपलब्ध हुने।

५. आवेदन साथ नियम नं. ५ क, ख र ग लाई पुस्ट्याइ हुने कागजातहरु र आवेदनको एक प्रति पासपोर्ट साइजको फोटो अनिवार्य रुपमा पेश गर्नु पर्ने छ।

## परिच्छेद-३

### वडास्तरीय स्वास्थ्य विमा समितिको गठन

वडास्तरीय लाभग्राहीको सिफारिस गर्न देहाय अनुसार १ समितिको गठन हुने छ। जसमाः-

सम्बन्धित वडाको वडाध्यक्ष – संयोजक

सम्बन्धित वडाको वडा समितिले मनोनित गरेको दलित अल्पसङ्ख्यक एकल विधवा र विपन्न महिला सदस्य-१ सदस्य

सम्बन्धित वडाको दर्ता सहयोगि -१ सदस्य

वडा समितिको महिला सदस्य- २ जना सदस्य

सम्बन्धित वडाको वडा सचिव- सदस्य सचिव

### वडास्तरीय विमा समितिको काम कर्तव्य र अधिकार

- ✓ वडाभित्र संकलन भएका विमा आवेदनहरु रितपूर्वक भए नभएको जाँच गर्ने।
- ✓ नियम नं. ५ बमोजिमका आधार नपुगेका अयोग्य आवेदन सम्बन्धित आवेदकहरुलाई कारणसहित फिर्ता गर्ने।
- ✓ योग्यता पुगेका आवेदकहरुलाई दर्ता गरिएका मितिको आधारमा क्रम मिलाएर विपन्न, एकल, विधवा महिला, दलित र अल्पसङ्ख्यकलाई छुट्टा-छुट्टै अभिलेख राख्ने।
- ✓ अनुसूचची-२ बमोजिम दलित, अल्पसङ्ख्यक, एकल महिला, विधवा र विपन्नको वर्गीकरण गरी अन्तिम छनौटका लागि पालिकास्तरीय स्वास्थ्य विमा तथा सिफारिस तोकिएको समयभित्र पठाउने।
- ✓ दर्ता सहयोगी कर्मचारी मार्फत विमा प्रक्रिया प्रारम्भ गर्न आवश्यक प्रवन्ध मिलाउने।
- ✓ वर्गीकरण तथा सिफारिसको नतिजा उपयुक्त समय बाहेक गोप्य राख्ने।

**पालिका स्तरीय स्वास्थ्य विमा स्वास्थ्य समितिको गठन**

पालिकास्तरीय स्वास्थ्य विमा समितिको गठन देहाय अनुसार हुनेछः-

पालिका अध्यक्ष – संयोजक

कार्यापालिका सदस्य मध्यबाट पालिका अध्यक्षले तोकेको दलित सदस्य – १ जना

प्रमुख प्रशासकीय अधिकृत- सदस्य

जिल्ला स्तित स्वास्थ्य विमा हेर्ने कार्यलय प्रमुख- सदस्य

स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

५ वटै दर्ता सहयोगीहरुमध्येबाट पालिका अध्यक्षले तोकेको सदस्य – १ जना

तर विमा लाभग्राहीको छनौट तथा सिफारिस प्रयोजनको लागि समितिले थप सहयोगको आवश्यक्ताको महसुर गरेमा सम्बन्धित कुनै व्यक्ति वा विज्ञलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिने छ।

**पालिका स्तरीय स्वास्थ्य विमा समितिको काम कर्तव्य र अधिकारः-**

पालिका स्तरीय स्वास्थ्य विमा लाभग्राही छनौट तथा सिफारिस समितिको काम कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुने छ-

- ✓ वडाबाट वर्गीकरण गरी सिफारिस सहित आएका आवेदनको पुनः परीक्षण गर्ने।
- ✓ वर्गीकरणको आधार र प्राथमिकता क्रम नमिलेको पाइएमा पूनर्विचारको लागि वडामा पठाउने।
- ✓ प्रक्रिया विपरित आएमा आवेदनलाई सूचीबाट हटाउने।
- ✓ मागको चाप अत्यधिक बढेर विनियोजित बजेटबाट अधिकांश लाभग्राहीलाई समेट्न नसक्ने परिस्थिति पैदा भएको महसुस गरेमा समितिले नयाँ वर्गीकरणका आधारमा तयार गरेर अन्तिममा सूची तयार गर्न सक्ने छ।
- ✓ स्वास्थ्य विमा लाभग्राहीको एवं वैकल्पिक विमितहरुको अन्तिम नामावली तयार गरी अनुमोदनको लागि गाउँकार्यापालिकामा सिफारिस गर्ने।
- ✓ वर्गीकरण तथा सिफारिस उपयुक्त समय बाहेक गोप्य राख्नु पर्ने।

**विमा लाभग्राहीको नामावली प्रकाशनः**

नियम नं. ७ बमोजिम लाभग्राहीहरुको नामावली प्रकाशन गर्ने जिम्मेवारी गाउँकार्यापालिकाक कार्यालयको हुने छ। सो नामावलीको एक सेट सिलीचोङ गाउँपालिकाको वेबसाइट तथा सूचना पाटीमा टाँस गर्नु पर्ने छ। साथै समयभित्र वडाका नामावली वडाहरुमा पठाउनु पर्ने।

वडागत नामावलि प्रकाशन गर्ने जिम्मेवारी वडा कै हुने छ।

**सम्झौताः**

गाउँकार्यापालिका र छनौट भएका विमा लाभग्राहीहरुबीच सम्झौता गर्नु पर्ने छ।

सम्झौताका लागि सम्बन्धित वडामा नै लाभग्राहीलाई व्यवस्था मिलाइने छ।

सम्झौता पत्र अनुसूची ३ बमोजिम हुनु पर्ने छ।

**समय विमाः**

समय विमा अनुसूची ४ बमोजिम हुने छ।

**स्वास्थ्य विमा प्रारम्भ विधि र प्रक्रियाः**नियम ९ बमोजिम सम्झौता पत्रमा हस्ताक्षर गरेपछि मात्र निजलाई स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत विमित हुनको लागि योग्य मानिने छ र तत्पश्चात स्वास्थ्य विमा प्रारम्भ हुने छ।

वडामा खटिने दर्ता सहयोगी सो विमितलाई स्वास्थ्य विमाको सहजीकरण शुरु गर्ने छन् । विमा गरेवापत प्राप्त गर्ने सेवा सुविधा प्राप्त गरिने सेवा सुविधा तोकिए बमोजिम हुने छन् ।

## परिच्छेद-४

**विविध**

माथिका बुँदामा जुनसुकै कुरा लेखिएता पनि २०८०/०८१ को एकल महिला छ वटै वडास्तरीय विपन्न एलक महिला कार्यक्रम अन्तर्गत सि.गा.पा.को ५ वटै वडामा संचालन गर्न वाधा पर्ने छैन ।

छनौट भएका स्वास्थ्य विमा लाभग्राही परिवारमा ५ जना भन्दा बढी स्वास्थ्य सदस्य भए सो बढी सदस्यहरुको विमा गाउँकार्या-पालिकाले गर्ने छैन ।

क. नियम नं. १ मा जे सुकै कुरा लेखिए पनि गाउँपालिकाले स्वीकृत गरेको बजेटले लक्षित वर्ग सबैलाई कार्यक्रमबाट समेट्दा पनि बजेट बचत हुन गएमा निश्चित आधारहरु तयार गरेर लक्षित गर्गको दायरा विस्तार गरी कार्यक्रम सञ्चालन गर्न सक्ने छ ।

ख. यो स्वास्थ्य विमा सहयोगको बारेमा कुनै संभावित लाभग्राहीको नाम छुट हुन गएको, दोहोरो परेको वा कुनै कारणले नाम समावेश हुन नसकेको सम्बन्धमा गुनासो सुन्ने निकाय वा अधिकारी सम्बन्धित वडा कार्यालय र वडाध्यक्ष हुने छ ।

ग. यो कार्यविधिका नियमहरुलाई संशोधन वा थपघट गर्ने वा व्याख्या गर्ने अधिकार सिलीचोङ गाउँपालिकालाई हुने छ ।

**खारेजी तथा बचाउः-** यस कार्यविधिमा उल्लेखित व्यवस्था नेपालको संविधान र प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म बदर हुनेछन् ।

**अनुसूची-१**
**(कार्यविधिको नियम नं. ३ सँग सम्बन्धित)**
**विमा लाभग्राही आवेदन फारम**

श्रीमान वडाध्यक्ष ज्यू
वडा नं........
सिलीचोङ गाउँपालिका, संखुवासभा।

विषयः- स्वास्थ्य विमा कार्यक्रम सम्बन्धमा।

सिलीचोङ गाउँपालिका गाउँकार्यापालिकाको कार्यालयले सञ्चालन गर्न लागेको स्वास्थ्य विमा कार्यक्रम मार्फत विमा लाभग्राही हुनका लागि आफुलाई योग्य ठानी यो आवेदन पेश गरेको छ । आवश्यक पर्ने कागजात प्रमाणहरु यसैसाथ संलग्न छन् , विवरण सहि सत्य छन्। झुटा ठहरे कानुन बमोजिम सजाय सहुँला।

आवेदकः-
नाम थरः
उमेरः
स्थायी ठेगानाः-
टोलः
वडा नं.

विमा सेवाग्राही सदस्यहरुको नामावली (बढीमा ५ जना)

| क्र.सं. | विमा सेवाग्राहीहरुको पूरा नाम थर | उमेर | आवेदनसँगको नाता |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**संलग्न कागजातः-**

१. आवेदकको नागरिकता प्रमाणपत्रको फोटोकपी
२. स्थायी ठेगाना खुल्ने कागजात (नागरिकतामा स्थायी ठेगाना हालको भन्दा अन्यत्र भए)
३. विधवा, एकल दलित वा अल्पसङ्ख्यकको प्रमाण खुल्ने कागजात
४. अतिअशक्त अपाङ्गता (ख) वर्गको अपाङ्गता परिचय-पत्रको फोटोकपी

## अनुसूची – २
### (कार्विधिको नियम ३ सँग सम्बन्धित)

दलित, एकल महिला, विधुवा, पिपन्न परिवार र अतिअशक्त अपाङ्गता (ख) वर्गीकरणको आधारमा

आवेदकको नाम थरः-

वडा नं.

| चक | अङ्क १ | अङ्क २ | अङ्क ३ | नतिजा |
|---|---|---|---|---|
| आवास (घर) | पक्की घर | अर्धपक्की (जस्ताको छाना र इँटाको गारो भएको आदि। | कच्ची घर वा घर नभएको डेरामा बसेको। | |
| जग्गा | खेतबारी दुवै भएको | बारी मात्र भएको | केही नभएको | |
| रोजगारी | मासिक तलव पाउने नोकरी भएको वा स्वरोजगारी | ज्यालादारी काम गर्ने वा रोजगारीको सुनिश्चतता नभएको वा सामान्य निर्वाहमूखी व्यवसाय गरेको। | बेरोजगार वा आंशिक ज्यालादारी वा मुस्किलले गुजारा चलेको। | |
| शिक्षा (केटाकेटीको) | निजी विद्यालयमा पढ्दै | सरकारी विद्यालयमा पढ्दै | गरिवीका कारण बिचैमा पढाइ छुटाउनु परेको। | |
| खानेपानी | घरमै व्यवस्थित रुपमा आपूर्ती भैरहेको। | सार्वजनिक धारा वा सामुदायिक धाराबाट आंशिक व्यवस्थापन | खानेपानीको समस्या | |
| स्वास्थ्योपचार | प्रायःनिजी क्लिनिक वा अस्पतालमा जाने सक्ने | प्रायः सरकारी स्वास्थ्य केन्द्रमा धाउने | गरिवीका कारण स्वास्थ्य उपचार गराउनै नसक्ने | |
| शौचालय | निजी व्यवस्थित शौचालय भएको | सामान्य व्यवस्थापनमा चलेको | शौचालय नभएको वा अर्काको शौचालयमा जानु परेको। | |
| वरिवार संख्या | ५ जना सम्म | ६ देखि ९ जना सम्म | १० जनाभन्दा बढी | |
| बसोबास | शहरी क्षेत्रमा | आंशिक शहर वा गाउँमा | पिछडिएको गाउँमा | |
| घरमुली | रोजगारी पुरुष | बेरोजगारी पुरुष | बेरोजगारी महिला | |
| कुल प्राप्ताङ्क | | | | |

**दलित, एकल महिला, विधुवा, विपन्न परिवार र अतिअशक्त अपाङ्गता (ख) का लागि स्वास्थ्य विमा कार्यविधि २०८०**

दलित, एकल महिला, विधुवा, विपन्न परिवार र अतिअशक्त अपाङ्गता (ख) वर्गीकरणका आधारहरुः-

१.अति विपन्न दलित समहूको लागि प्राप्ताङ्क (२२ वा सो भन्दा बढी)

२. विपन्न दलित समूहको प्राप्ताङ्क (१३ देखि २१ सम्म)

३. दलित समूहको प्राप्ताङ्क (१२ देखि सोभन्दा कम)

मूल्याङ्कन कर्ताको सहीः

मितिः

**अनुसूची-३**

(कार्यविधिको नियम न. १२ सँग सम्बन्धित)

**सिलीचोङ गाउँपालिका र स्वास्थ्य विमा लाभग्राही बीचको सम्झौता पत्र**

सिलीचोङ गाउँकार्यापालिका (यस पछि भनिने पहिलो पक्ष) र सि.गा.पा. वडा नं.........टोल...................गाउँ बस्ने ................श्री...............को..........वर्ष.........को छोरा-छोरी श्री............................को श्रीमती श्री.......................(यस पछि भनिने दोस्रो पक्ष) बीच देहायका शर्तको अधिनमा रही सम्झौता गर्न मञ्जुर भएकोले सही छाप गरी यो कागज गरी लियौं दियौं)

**शर्तहरुः-**

१. स्वास्थ्य विमा कार्यक्रम भन्नाले नेपाल सरकारले संचालनमा ल्याएको विमा कार्यक्रम मात्र बुझ्नु पर्ने छ।
२. दोस्रो पक्षले अन्य निजी विमा कम्पनीसँग स्वास्थ्य विमाका लागि गरेको सम्झौताको विमा रकम भुक्तानीका लागि पहिलो पक्ष बाध्य हुने छैन।
३. कार्यविधिको नियम नं. ११ (क) बमोजिम प्रकाशित नामावलीमा समावेश भएको परिवारसँग मात्र सम्झौता गरिने छ।
४. अनुसूची १ मा उल्लेखित सदस्यहरुको हकमा मात्र यो सम्झौता उत्तरदायि रहने छ।
५. सम्झौता स्वीकृत भएपछि पहिलो पक्षले दोस्रो पक्षको नाममा स्वास्थ्य विमाको लागि एक अवधिको लागि मात्र विमा रकम प्रिमियम वापत रु.३५००|– भुक्तानी गर्ने छ।
६. शर्त नं. ५ मा उल्लेखित विमा रकममा कुनै छुटको व्यवस्था भए सो रकमको दावो दोस्रो पक्षले गर्न पाउने छैन।
७. दोस्रो पक्षले यो सम्झौताको अवधि समाप्त भए पश्चात पहिलो पक्षबाट सहयोग प्राप्त भए पनि वा नभए पनि विमालाई निरन्तरता दिइरहनु पर्ने छ।
८. दर्ता सहयोगी मार्फत स्वास्थ्य विमा कार्यक्रमका बारेमा सबै निर्देशनहरुको पालना दोस्रो पक्षलको कर्तव्य हुने छ।

## अनुसूची-४

(कार्यविधिको नियम नं. ९ सँग सम्बन्धित)

**समय तालिका**

| क्र.सं. | क्रियाकलाप | कार्यविधि | समय | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | सूचना प्रशारण गर्ने | नियम नं .३ | शुरुको ३ हप्ता | गाउँकार्यापालिका |
| २ | आवेदन फारम वितरण गर्ने र संकलन गर्ने | नियम नं. ३ | तेस्रो र चौथो हप्ता | वडा कार्यालय |
| ३ | आवेदन वितरण बन्द गर्ने | नियम नं. ३ | चौथो हप्ता | वडा |
| ४ | विपन्नता वर्गीकरण गर्ने | नियम नं. ५ | पाँचौ हप्ता | वडा |
| ५ | सिफारिससहित पालिकामा नामावली पठाउने | नियम नं. ५ | पाँचौ हप्ता | वडा |
| ६ | पालिका स्तरीय समितिले छनौट गर्ने | नियम नं. ७ | छैटौं र सातौं हप्ता | पालिका |
| ७ | स्वीकृतिका लागि पालिका कार्यालयमा पेश गर्ने | नियम नं. ७ | आठौं हप्ता | पालिका |
| ८ | गाउँपालिकाबाट स्वीकर्त भई नामावी प्रकाशन वडागत विवरण गाउँकार्यापालिकामा पठाउने । | नियम नं. ८ क | नवौं हप्ता | पालिका |
| ९ | वडागत विवरण वडा कार्यालयमा पठाउने | नियम नं. ८ ख | नवौं हप्ता | वडा |
| १० | वडा कार्यालयमा नामावली प्रकाशन गर्ने | नियम नं. ८ ख | नवौं हप्ता | वडा |
| ११ | सम्बन्धित लाभग्राहीलाई सूचना दिने | नियम नं. ८ ग | दशौं हप्ता | वडा |
| १२ | सम्झौता गर्ने | नियम नं. ९ | दशौं हप्ता | वडा |
| १३ | दर्ता सहयोगी सम्पर्क र विमा प्रक्रिया प्रारम्भ | नियम नं. ११ | दशौं हप्ता | वडा |
| | नियमित अनुगमन | | | वडा र पालिका |

आज्ञाले

बाबुनन्दन मेहता

प्रमुख प्रशासकीय अधिकृत